# सहिदभूमि गाउँपालिका

## स्थानीय राजपत्र

सहिदभूमि गाउँपालिकाद्धारा प्रकाशित

खण्ड-६) सहिदभूमि, फाल्गुण-०९ गते, २०८० साल (संख्या-४

# भाग — २

स्थानीय सरकार सञ्चालनऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम सहिदभूमि गाउँपालिकाको गाउँ कार्यपालिका बनाएको तल लेखिए बमोजिमको मापदण्ड सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

## संवत् २०८१ सालको ऐन नं. ०४

# सहिदभूमि गाउँपालिका महिला व्यवसायी छनौट मापदण्ड,२०८०

**प्रस्तावना :-**सहिदभूमि गाउँपालिकाभित्र स्थायी बसोबास भएको विभिन्न स्रोत साधन श्रृजना र सीपको प्रयोग गरी सीपमुलक कार्यलाई व्यवसायिकता विकास गरी कृषि,गैर कृषि र पर्यटनको क्षेत्रमा सेवा गर्दै आर्थिक, सामाजिक लगायात बहुआयामिक क्षेत्रमा योगदान गरिरहेका महिला व्यवसायीलाई प्रोत्साहन/ सम्मान गर्न यो मापदण्ड तयार गरिएको छ ।

## परिच्छेद -१ प्रारम्भिक

**१.संक्षिप्त नाम र प्रारम्भ : (१)** यस मापदण्डको नाम महिला व्यवसायी छनौट मापदण्ड २०८० रहेको छ ।

(२) यो मापदण्ड स्थानीय तह सहिदभूमि गाउँपालिकाबाट स्वीकृत भएको मितिबाट लागू हुनेछ ।

**२.परिभाषा र व्याख्या :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस मापदण्डमा

(१)" स्थानीय तह "भन्नाले सहिदभूमि गाउँपालिकालाई सम्झनुपर्छ ।

(२) "अध्यक्ष" भन्नाले सहिदभूमि गाउँपालिकाको अध्यक्षलाई सम्झनुपर्छ ।

(३) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले सहिदभूमि गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनुपर्छ ।

(४) "शाखा" भन्नाले महिला तथा बालबालिका शाखा सम्झनुपर्छ ।

(५) "मापदण्ड" भन्नाले महिला व्यवसायी छनौट मापदण्ड, २०८० सम्झनुपर्छ ।

(६) "समिति"भन्नाले महिला व्यवसायी छनौट समिति सम्झनुपर्छ ।

(७) "व्यवसायी"भन्नाले सहिदभूमि गाउँपालिकामा स्थायी बसोबास गरी नियमानुसार पालिकामा दर्ता गरी व्यवसाय संचालन गरिरहेका महिला व्यवसायी सम्झनु पर्छ ।

(८) "सम्मान" भन्नाले महिला व्यवसायीहरुलाई प्रदान गरिने सम्मान सम्झनु पर्छ ।

## परिच्छेद -२ छनौट प्रकृया

**३.निवेदन पेश गर्नुपर्ने :-** महिला व्यवसायी छनौट प्रकृयाको लागि व्यवसायीहरुले तपशिलका कागजातहरु सहित पालिकामा निवेदन पेश गर्नुपर्ने छ ।

(१) सहिदभूमि गाउँपालिकामा व्यवसाय दर्ता र नविकरणको प्रतिलिपि ।

(२) पान दर्ता प्रतिलिपि ।

(३) अनुसूची -१ बमोजिमको विवरण ।

(४) वडा कार्यालयको सिफारिस ।

**<u>४.सम्मान सम्बन्धी व्यवस्था :(१)</u>** छनौट समिति वडाको सिफारिसको आधारमा महिला व्यवसायीहरुलाई अनुसूची (१) बमोजिम छनौट गरिनेछ छनौट समितिले छनौट गरेका महिला व्यवसायीहरुलाई अनुसूची (२) बमोजिम सम्मान पुरस्कार वितरण गरिनेछ ।

(२) छनौट समिति देहाय बमोजिम रहनेछ ।

१. उपाध्यक्ष - संयोजक
२. प्र.प्र.अ. -सदस्य
३. अध्यक्षले तोकेको कार्यापालिका सदस्य एक जना -सदस्य
४. पालिका स्तरीय व्यवसायीहरुमध्येबाट अध्यक्षले तोकेको एक जना - सदस्य
५. महिला तथा बालबालिका शाखा प्रमुख - सदस्य सचिव

**<u>अनुसूची –१</u>**
**परिच्छेद -२ को नियम (३) को (क) सँग सम्बन्धित**
**महिला व्यवसायी छनौटका आधार कुल ५० अंक**

| क्र.स. | मापदण्ड | अंक |
|---|---|---|
| १ | व्यवसायको दिगोपना | १० |
| | प्रतिवर्ष २ अंकका दरले बढीमा १० अंक | |
| २ | स्थानीय कच्चा पदार्थमा आधारित व्यवसाय | १० |
| ३ | स्थिर पुँजीको अवस्था | |
| | स्थिर पुँजी १५०००० भन्दा माथि | १० |
| | स्थिर पुँजी १००००० भन्दा माथि | ७ |
| | स्थिर पुँजी १००००० भन्दा कम | ५ |
| ४ | रोजगारी सिर्जनाको अवस्था | |
| | ५ जना भन्दा बढी | १० |
| | ५ जना भन्दा कम | ५ |
| ५ | दलित ,एकल ,अपाङ्गता भएका,जनजाति महिलाहरुबाट संचालित व्यवसाय | ५ |
| ६ | कानुन बमोजिम तालिम प्रदायक संस्थाबाट तालिम प्राप्त महिलाहरुबाट संचालित व्यवसाय | ५ |

**<u>अनुसूची –२</u>**
**परिच्छेद २ को नियम (४) को (ख) सँग सम्बन्धित**

| क्र.स. | पुरस्कार | पुरस्कार राशी |
|---|---|---|
| १ | महिला व्यवसायी सम्मान | रु १५०००/- |

## अनुसूची –३

## परिच्छेद -२ को (३) सँग सम्बन्धित

## व्यवसायीले पेश गर्ने निवेदनको ढाँचा

१.महिला व्यवसायीको नाम :-

२.व्यवसायको नाम:-

३.ठेगाना :-

४.व्यवसाय स्थापना मिति :-                                    दर्ता नं :-

५.सम्पर्क नं:-

६.व्यवसायको प्रकार :-

७.रोजगारको अवस्था:-

८.स्थिर पुँजीको अवस्था :-

९.व्यवसायले गरेको योगदान :-

१०.उत्पादित बस्तु तथा सामग्रीको व्यवस्थापनको अवस्था :-

११.प्रचालित कानुन बमोजिम अडिट गरे/ नगरेको

१२.नियमित कर तिरे / नतिरेको

१३.संलग्न कागजातहरु :-

क) सहिदभूमि गाउँपालिकामा व्यवसाय दर्ता र नविकरणको प्रतिलिपि ।

ख) पान दर्ता प्रतिलिपि ।

ग) अनुसूची -१ बमोजिमको विवरण ।

घ) वडा कार्यालयको सिफारिस ।                निवेदक

नाम थर :-

दस्तखत :-

छाप

आज्ञाले

नविन कार्की

प्रमुख प्रशासकीय अधिकृत